# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।१५ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला कालिकोट, नरहरिनाथ गाउँपालिका वडा नं.७ स्थित ओखेनी ओडीखोला सिंचाइ कुलो निर्माण भन्ने ओगडेनी आडिखोला सिंचाइ कुलो निर्माणका अध्यक्ष समेतले कामै नगरी रकम हिनामिना गर्नुका साथै श्रमिकहरुलाई समेत ज्याला नदिई आफैले खाएकोले आवश्यक कारवाही गरीपाउँ भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा उपभोक्ता समितिमार्फत् निर्माण गर्ने गरी जिल्ला कालिकोट, नरहरिनाथ गाउँपालिका वडा नं. ०७ स्थित ओगडेनी सिरुपाटा हुँदै उच्छव आडिखोलासम्म सिंचाइ कुलो निर्माण योजनाको लागि आ.व. २०७७।०७८ मा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नरहरिनाथ गाउँपालिकाबाट रु.४२,८४,०००।- विनियोजन भई मिति २०७८।०३।१० गतेसम्म कार्य सम्पन्न गर्ने गरी मिति २०७७।१२।२८ गते उपभोक्ता समिति र नरहरिनाथ गाउँपालिका बीच उक्त सिंचाइ कुलोको सम्झौता भई कार्य गर्दा उक्त सिंचाइ कुलो निर्माण योजनामा पालिकाका पदाधिकारी, कर्मचारी एवं उपभोक्ता समितिसमेतले आपसी मिलेमतो जाल प्रपञ्च गरी सम्झौता मुताविक ९३० मिटर लम्बाइको पक्की कुलो निर्माण गर्नुपर्नेमा ३५४ मिटर लम्बाइको मात्र कुलो निर्माण गरी ७३० मिटर लम्बाइको कुलो निर्माण भएको भनी नापी किताव, कार्य सम्पन्न प्रतिवेदन लगायतको गलत लिखत/प्रतिवेदन तयार गरी गराई सोही परिमाणको मूल्याङ्कन गरी, नापी उठाई रु.१९,४८,४८८।१४ बराबरको रकम वास्तविक काम भन्दा बढी मूल्याङ्कन गरी भुक्तानी गरेको देखिएकोमा उक्त योजनाको आयोगको कार्यालयबाट खटिएको प्राविधिक टोलीको स्थलगत नापजाँच सहितको मुचुल्का र प्राविधिक प्रतिवेदन समेतबाट निर्माणस्थलमा स्टोन सोलिङ्ग, ड्राइ मेसनरी वाल, पि.पि.सी., आर.सि.सि. डन्डीको वास्तविक फिल्डमा भएको कार्य तथा लगानी भन्दा नापी किताबमा बढी चढाई बढी मूल्याङ्कन गरेको देखिएकोले **वास्तविक रुपमा भए गरेको कार्यभन्दा बढी तथा नभए नगरेको कार्यसमेत गरेको भनी गैरकानूनी लाभ प्राप्त गर्ने बदनियतले तयार गरेको** झुट्टा नापी किताब र झुट्टा कार्य सम्पन्न प्रतिवेदन तथा मनासिव कारण बिना निर्माण कार्यको आकार परिवर्तन गर्ने, निर्धारित शर्त तथा मापदण्ड विपरित निर्माण कार्य गर्ने, गराउने र त्यस्तो निर्माण कार्यलाई शर्त तथा मापदण्ड बमोजिम भएको हो भनी स्वीकृत/प्रमाणित गरी आफूहरुलाई गैरकानूनी लाभ पुऱ्याउने र नरहरिनाथ गाउँपालिकालाई गैरकानूनी हानी नोक्सानी पुऱ्याउने बद्नीयतले रु.१९,४८,४८८।१४ (उन्नाईस लाख अठचालीस हजार चार सय अठासी रुपैंया चौध पैसा) रकम उपभोक्ता समितिलाई बढी भुक्तानी दिए दिन लगाएको स्थापित भएकोले उक्त कार्यमा संलग्न प्रतिवादीहरु **नरहरिनाथ गाउँपालिकाका तत्कालीन उपाध्यक्ष मनशोभा बुढा, निमित्त प्रमुख प्रशासकिय अधिकृत दुर्गालाल न्यौपाने, ७ नं. वडाका वडाध्यक्ष दल बहादुर विश्वकर्मा, सव इन्जिनियर अनिल कुमार विष्ट, सव इन्जिनियर अमर शाही, उपभोक्ता समितिका अध्यक्ष नरेश बहादुर शाही, कोषाध्यक्ष मधु विश्वकर्मा र सचिव कासी विश्वकर्मा**को उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) समेतको कसूरजन्य कार्य भएको हुँदा देहाय बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | नरहरिनाथ गाउँपालिका, कालिकोटको तत्कालीन **उपाध्यक्ष मनसोभा बुढा** र वडा नं. ७ का तत्कालीन वडा अध्यक्ष **दल बहादुर बिश्वकर्मा** | - | गलत प्रतिवेदन दिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर भएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ। |
| २. | नरहरिनाथ गाउँपालिका, कालिकोटका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत **दुर्गालाल न्यौपाने,** तत्कालीन सब-इन्जिनियरहरु **अमर शाही र अनिल कुमार बिष्ट** | जनही रु.१९,४८,४८८।१४ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) देहाय (ग) र (ङ) बमोजिमको कसूर भएको हुँदा बिगो रु. उन्नाईस लाख अठचालिस हजार चार सय अठासी रुपैंया चौध पैसा कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवानाको सजाय हुन एवं गलत नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर भएकोले सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवानाको सजाय हुन समेत मागदावी लिइएको छ। |
| ३. | नरहरिनाथ गाउँपालिका वडा नं. ७ स्थित ओगडेनी सिरुपाटा हुँदै उच्छव आडिखोलासम्म सिंचाइ कुलो निर्माण उपभोक्ता समितका अध्यक्ष **नरेश बहादुर शाही,** सचिव **कासी बिश्वकर्मा** र कोषाध्यक्ष **मधु बिश्वकर्मा** | रु.१९,४८,४८८।१४ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर भएको हुँदा बिगो रु. उन्नाईस लाख अठचालिस हजार चार सय अठासी रुपैंया चौध पैसा कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल